जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३११ पृष्ठः ४ | २०८२ चैत्र २४ मंगलबार (Tuesday 07 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## लहानको सहरी क्षेत्रमा सडक निर्माण तीव्र बनाउन स्थानीयको माग



**जीवछ यादव**

लहान, २३ चैत्र। स्थानीयवासीहरूले कञ्चनपुर–कमला सडक निर्माण आयोजना अन्तर्गत लहान नगरपालिकाको सहरी क्षेत्रमा निर्माण कार्यले तीव्र गति लिनुपर्ने माग गरेका छन्। पूर्व–पश्चिम राष्ट्रिय राजमार्गको कञ्चनपुर–कमला चार लेन सडकअन्तर्गत पश्चिमी खण्ड कुशहा–कमला खण्डमा पर्ने लहान नगरपालिकाको मुख्य चोकमा निर्माणाधीन लाइओभर (उडान पुल) को काम अत्यन्त सुस्त रूपमा भइरहेकाले आवागमनमा समस्या, ट्राफिक जाम तथा व्यापार–व्यवसायमा समेत ह्रास आएको स्थानीय व्यापारीहरूको गुनासो छ।

स्थानीय व्यापारी–व्यवसायीहरूको माग पूरा गराउन जिल्ला उद्योग वाणिज्य संघ लहान, सिरहाले पहल थालेको संघका अध्यक्ष प्रदीपकुमार गुप्ताले बताउनुभयो। उहाँका अनुसार लहानको मुख्य चोक आसपासका व्यापारीहरूको व्यापार चौपट हुनुका साथै धुलो र हिलोका कारण स्वास्थ्य समस्या समेत देखिन थालेको छ। यस विषयमा निर्माण कम्पनी चाइना रेलवे कम्पनीसँग छलफल गरिएको र कम्पनीले अप्रिल १५ गतेदेखि काम तीव्र गतिमा अघि बढाउने विश्वास दिलाएको उहाँले बताउनुभयो।

"सम्झौताअनुसार काम अघि बढेन भने लहानका स्थानीय व्यापारी–व्यवसायी आन्दोलनमा उत्रिनु बाहेक अर्को विकल्प रहने छैन," उहाँले भन्नुभयो। स्थानीयसँग पटक–पटकको

**–बाँकी तीन पेजमा**

## मधेसका गृहमन्त्रीद्वारा दशगजा क्षेत्रको निरीक्षण

जनकपुरधाम, २३ चैत्र। मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले सोमबार महोत्तरीको मटिहानीस्थित दशगजा क्षेत्रको निरीक्षण गरेका छन्। सो अवसरमा मन्त्री महतोले सीमाक्षेत्रको शान्ति–सुरक्षा अवस्था तथा विकास निर्माणमा भएका प्रगतिबारे जानकारी लिएका छन्। सोमबार बिहान मटिहानी पुगेका मन्त्री महतोले दशगजा क्षेत्रमा निर्माणाधीन तर हाल रोकिएको नाला निर्माण कार्यको समेत अवलोकन गरे। स्थानीय बजरंजी प्रसाद साह र शिवा साहले आफ्नो निजी जग्गामा नाला निर्माण गर्न लागिएको भन्दै उच्च अदालत जनकपुरमा रिट निवेदन दर्ता गरेपछि अदालतले तत्काल काम रोक्न आदेश दिएको थियो।

निरीक्षणका क्रममा मन्त्री महतोले विकास निर्माणका काममा अवरोध हुन नहुने बताउँदै दुवै पक्षबिच छलफल गरी समस्याको समाधान खोज्न आग्रह गरे। उनले जग्गाको यकिन गरी सम्बन्धित पक्षलाई क्षति नपुग्ने गरी आवश्यक पहल थाल्न सरोकारवाला निकायलाई निर्देशन दिएका छन्। मन्त्री महतोले मटिहानीस्थित प्रसिद्ध लक्ष्मी नारायण मठमा दर्शनसमेत गरेका छन्। उनलाई मटिहानी नगरपालिकाका नगरप्रमुख हरि प्रसाद मण्डल तथा मठका उत्तराधिकारी महन्थ डा. रविन्द्र दास वैष्णवले स्वागत गरेका थिए। मन्त्री महतोसँगै प्रदेश सभा सदस्य सुनिता कुमारी साह, महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, सुरक्षा निकायका प्रमुखहरू पनि निरीक्षणमा सहभागी थिए।

## नवौं गोलबजार मेयर गोल्डकपको उद्घाटन खेलमा इटहरी विजय

सिरहा, २३ चैत्र। सिरहाको गोलबजार नगरपालिकाद्वारा आयोजित नवौँ गोलबजार मेयर गोल्डकप फुटबल प्रतियोगिताको उद्घाटन खेलमा इटहरीको राष्ट्रिय जागृति क्लब विजयी भएको छ। हेटौंडा फुटबल एकेडेमी र इटहरीबीच भएको प्रतिस्पर्धात्मक खेल निर्धारित समयमा १–१ गोलको बराबरीमा सकिएपछि पेनाल्टी सुटआउटमार्फत इटहरीले



विजय भएको हो। खेलमा उत्कृष्ट प्रदर्शन गर्दै इटहरीका गोलरक्षक विवस चौधरी 'म्यान अफ द म्याच' घोषित भए। उक्त पुरस्कार गोलबजार नगरपालिका–९ का वडा अध्यक्ष सुरेन्द्र सिंहले प्रदान गरेका थिए।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै मधेश प्रदेशका पूर्व स्वास्थ्य मन्त्री सत्रुधन प्रसाद सिंहले खेलकुदले युवालाई अनुशासन, स्वास्थ्य र सकारात्मक दिशातर्फ अघि बढाउने महत्वपूर्ण माध्यम भएको बताए। उनले यस्ता प्रतियोगिताले स्थानीय प्रतिभा उजागर गर्नुका साथै सामाजिक

**–बाँकी तीन पेजमा**




**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं।**

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं।

**विविधतामा एकता, सद्भाव र सहिष्णुता।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# तत्कालको संकट व्यवस्थापन कि दीर्घकालीन सुधारको प्रयास ?

सरकारले इन्धन खपत घटाउने र वैदेशिक मुद्रा जोगाउने उद्देश्यसहित सरकारी कार्यालयको समय बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म कायम गरी सातामा शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिने निर्णय कार्यान्वयनमा ल्याएको छ। साप्ताहिक ४० घन्टा कार्यसमय यथावत् राखेर छ दिनको साटो पाँच दिन काम गर्ने व्यवस्था गर्नु प्रशासनिक संरचनामा महत्त्वपूर्ण परिवर्तन हो। तर यो निर्णय दीर्घकालीन प्रशासनिक सुधारको दिशामा उठाइएको कदम हो कि तत्कालीन संकट व्यवस्थापनको उपायमात्र हो भन्ने प्रश्न भने यथावत् छ।

कार्यघन्टा यथावत् राखी सातामा दुई दिन बिदा दिने निर्णयबाट कार्यालय सञ्चालन खर्च घट्ने, इन्धन बचत हुने, आन्तरिक पर्यटन प्रवर्द्धन हुने तथा कर्मचारीको पारिवारिक जीवनमा सकारात्मक प्रभाव पर्ने सम्भावना अध्ययनहरूले देखाएका छन्। दुई दिने बिदाले कर्मचारीलाई परिवारसँग समय बिताउने अवसर बढाएर पारिवारिक सम्बन्ध सुदृढ बनाउन पनि सहयोग पुग्न सक्छ। यस्ता पक्षलाई दीर्घकालीन नीति सुधारसँग जोड्न सकेमा मात्र निर्णय प्रभावकारी बन्नेछ।

नेपालमा दुई दिन सार्वजनिक बिदाको अभ्यास नयाँ भने होइन। यसअघि पनि इन्धन संकट र विदेशी मुद्रा सञ्चितिमा दबाब परेका बेला यस्ता निर्णय भएका थिए तर दीर्घकालीनरूपमा टिक्न सकेनन्। यसपटक पनि निर्णयको मूल प्रेरणा संरचनात्मक सुधारभन्दा संकट व्यवस्थापन नै देखिन्छ। प्रशासनिक सुधारका दृष्टिले दीर्घकालीन अध्ययन, कार्यप्रवाह पुनर्संरचना र सेवा प्रवाहको प्रभावकारितासँग जोडेर निर्णय गरिएको स्पष्ट देखिँदैन।

दुई दिन बिदा दिने अभ्यास विश्वका अधिकांश मुलुकमा प्रचलित छ। साताको ४० घन्टा वा सोभन्दा कम कार्यसमय कायम गरी पाँच दिन काम गर्ने प्रणालीले उत्पादकत्व बढाउने, कर्मचारीको मानसिक स्वास्थ्य सुदृढ गर्ने र पारिवारिक जीवन सन्तुलित बनाउने सकारात्मक प्रभाव पर्ने अध्ययनहरूले देखाएका छन्। नेपालमा पनि यसलाई दीर्घकालीन प्रशासनिक सुधारका रूपमा रूपान्तरण गर्न सकिने सम्भावना छ तर त्यसका लागि आवश्यक तयारी, समन्वय र स्पष्ट कार्ययोजना अपरिहार्य हुन्छ। अहिलेको निर्णयसँगै शैक्षिक तालिका प्रभावित हुने चिन्ता पनि व्यक्त भएको छ। पठनपाठनका दिन घट्ने, शैक्षिक सत्र ढिलाइ हुने र पाठ्यक्रम पूरा गर्न कठिन हुने आशंका सम्बन्धित पक्षले गरेको छ। शिक्षा क्षेत्रमा पर्ने प्रभावबारे स्पष्ट नीति र समन्वयबिना गरिएको निर्णयले दीर्घकालीन रूपमा गुणस्तरमा असर पार्ने जोखिम देखिन्छ। त्यसैले कम्तीमा चालु शैक्षिक सत्रका लागि पूर्ववत् एक दिन बिदाको व्यवस्था कायम गरी आगामी सत्रदेखि नयाँ कार्यतालिका लागु गर्ने विकल्प व्यावहारिक हुन सक्छ।

त्यस्तै बिहान ९ बजेदेखि कार्यालय सञ्चालन गर्ने व्यवस्थालाई पनि व्यावहारिक पक्षबाट पुनर्मूल्याङ्कन गर्नु आवश्यक छ। नेपाली समाजको जीवनशैली, यातायातको अवस्था, बालबालिकाको व्यवस्थापन तथा सेवाग्राहीको पहुँचजस्ता विषयलाई ध्यानमा नराखी समय परिवर्तन गर्दा सेवा प्रवाह सहज हुनेभन्दा जटिल हुने जोखिम रहन्छ। विशेषगरी अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक र कामकाजी अभिभावकका लागि दुई दिन बिदाको व्यवस्थाले थप व्यवस्थापकीय दबाब सिर्जना गर्न सक्छ।

यी सबैभन्दा पनि महत्त्वपूर्ण विषय नागरिकको संवैधानिक अधिकार हनन हुन नदिनु हो। नेपालको संविधान, २०७२ को धारा २० उपधारा (३) मा पक्राउ गरिएको व्यक्तिलाई बाटोको म्यादबाहेक २४ घन्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने व्यवस्था छ। दुई दिन लगातार बिदा हुँदा शुक्रवार पक्राउ गरिएको व्यक्तिलाई ४८ घण्टापछि मात्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराइने अवस्था सिर्जना हुन सक्छ।

यस्तो स्थितिले नागरिकको संवैधानिक अधिकार कुण्ठित हुने जोखिम रहन्छ। त्यसैले नागरिक अधिकारको संरक्षण सुनिश्चित गर्न शुक्रवार पक्राउ गर्ने अभ्यास नियन्त्रण गर्नुका साथै आवश्यक परे न्यायिक उपस्थितिको वैकल्पिक व्यवस्था मिलाउनेतर्फ सरकार सजग हुनुपर्छ। कार्यसंस्कृति सुधारबिना समय परिवर्तन मात्रले सेवा प्रवाहमा अपेक्षित सुधार आउँदैन। सार्वजनिक यातायातमा निर्भर कर्मचारी तथा बिहानै सेवा लिनुपर्ने सेवाग्राही दुवैका लागि नयाँ समयतालिका चुनौतीपूर्ण हुन सक्छ। यी व्यावहारिक पक्षको समाधान खोजिएन भने दुई दिने बिदाको व्यवस्था पुनः अस्थायी प्रयोगमै सीमित हुने जोखिम रहन्छ।

# पर्यावरण शहीदका जुझारू बहिनीहरू

**अवैध उत्खनन् र चुरे दोहन रोकेर पर्यावरण जोगाउन खोज्दा दिलीप महतो मारिए। बहिनीहरू संगम र लक्ष्मीले उनको न्यायका लागि गरेको संघर्षको कथा अझै बाँकी छ। यो बीचमा संगम पनि बितिसकेकी छन्।**

**संगम महतो । लक्ष्मी महतो**



औरही नदीको किनारदेखि काठमाडौंको माइतीघर मण्डलासम्म संघर्ष फैलाएकी नाम हुन् लक्ष्मीकुमारी महतो। अवैध उत्खनन र चुरे दोहन विरुद्ध कहिले गाउँमै उभिन्छिन्, कहिले राजधानीमा आवाज बुलन्द गर्छिन्। कहिले मन्त्रालयका ढोका ढक्ढक्याउँदै उत्खनन रोक्न र ओमप्रकाश महतो 'दिलीप'लाई शहीद घोषणा गर्न दबाब सिर्जना गर्छिन् त कहिले हत्यारालाई कडा कारबाही गराउन अदालत धाउँछिन्। 'अवैध उत्खनन बन्द गराउनु, दिलीप महतोलाई शहीद घोषणा गराउनु, हत्यारालाई कारबाही गराउनु मेरो जीवनकै लक्ष्य बनेको छ। र यो संघर्ष विना सम्भव छैन। त्यसैले सकेसम्म संघर्ष जारी राखेकी छु', लक्ष्मी भन्छिन्।

धनुषाको मिथिला नगरपालिका ५ श्रीपुरकी २७ वर्षीया लक्ष्मीको संघर्ष यतिमै सीमित छैन। कहिले परिवारको आर्थिक अभावसँग जुध्छिन्, कहिले भविष्यको अनिश्चिततासँग। तर यी सबै कठिनाइ बीच पनि लक्ष्मीले काठमाडौंमा जेनतेन होस्टेलमा बसेर पढाइ छोडेकी छैनन्। त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र केन्द्रीय विभागमा नेपाली विषयमा स्नातकोत्तर अध्ययनरत उनी संघर्ष र शिक्षालाई सँगसँगै बोकेर हिंडिरहेकी छन्। लक्ष्मीलाई अझ् नजिकबाट चिन्न र उनको संघर्ष बुझ्न ६ वर्ष पछाडि पुग्नुपर्छ। २५ पुस २०७६ को बिहान झिसमिसेमै घरदेखि करिब पाँच सय मिटर टाढा रहेको औरही खोलामा २४ वर्षीय ओमप्रकाश भनिने दिलीप महतोको शहादत भयो। श्रीपुर गाउँछेउको औरही र बसही खोलामा हुने ऋसर माफियाले मच्चाएको अवैध उत्खनन रोक्न उनले युवाहरुसँग मिलेर अभियान चलाएका थिए।

बिहानै औरही खोलामा अवैध उत्खनन भइरहेको थाहा पाएर झिसमिसेमै पुगेका दिलीप कहिल्यै नफर्किने गरी अस्ताए। उनलाई चुरियामाई बालुवा प्रशोधन उद्योगमा निर्मम हत्या भयो। लिभर र पेचकसले काखीमा घोचेर उनलाई बेहोस बनाइयो र त्यसपछि ना ७ ख ६४१३ नम्बरको टिपरले टाउको पछाडिबाट किचेर अत्यन्तै निर्मम रूपमा हत्या गरियो। छोराको हत्याले ठिकठाकै घर चलिरहेको आठ सन्तानका बुबा रामजीवनको घरको आधार नै भत्कियो। खेतीकिसानी गरेर रामजीवनले छोरा दिलीपलाई भारतको भोपालमा इन्जिनियर पढाइरहेका थिए। मेकानिकल इन्जिनियरको अन्तिम वर्षको कक्षाको परीक्षा दिएर घर आएका बेला नै घटना भयो।

भविष्यमा छोराले सम्पूर्ण पारिवारिक जिम्मेवारी सम्हाल्ला, ऋणको बोझ हलुका बनाउला र बाँकी छोराछोरीको शिक्षादीक्षाको भार उठाउला भन्ने बुबा रामजीवनका सपना एकाएक चकनाचूर भए। दिलीप बितेसँगै स्नातक अध्ययनरत दुई छोरी संगमकुमारी महतो र लक्ष्मीकुमारी महतो बुबाका लागि आशाको किरण बनेर उभिए। दिलीपले थालेको अधुरो अभियान पूरा गर्ने अठोट, हत्याका दोषीलाई कारबाही गराउन संघर्ष र घरको जिम्मेवारी सम्हाल्ने प्रयासमा उनीहरू जुटे।

'छोराको हत्यापछि घरको सहारा त छोरी संगम र लक्ष्मी नै बने। न्यायको लागि कानूनी उपचारमा उनीहरुले नै मुख्य भूमिका खेले। म अभिभावक भएर मात्र उभिन्थें', बुबा रामजीवन भन्छन्। दिलीपको हत्यापछि उनका अधुरा सपनालाई अघि बढाउने जिम्मेवारी बहिनी संगम र लक्ष्मीले बोके। बहिनी संगमको नेतृत्वमा 'ओमप्रकाश महतो (दिलीप) पर्यावरण संरक्षण प्रतिष्ठान' स्थापना भयो। यही अभियानमा लक्ष्मी पनि सक्रिय सदस्य बनिन्।

दिलीपको स्मृतिमा मिथिला नगरपालिका–५ स्थित औरहीबाबा स्थानमा 'दिलीप बाटिका' स्थापना गरियो। पूर्व राष्ट्रपति डा. रामवरण यादवले वृक्षरोपण गर्दै बाटिकाको उद्घाटन गरेका थिए। आज त्यो स्थान दिलीप बाटिका पार्कका रूपमा चिनिन्छ। दाइको हत्या पछिका दिनहरू संगम र लक्ष्मीका लागि संघर्षमै बितेका छन्। हत्यारालाई कानूनी कठघरामा ल्याउन उनीहरू बुबाआमासँगै अनगिन्ती पटक जिल्ला अदालतदेखि उच्च अदालतसम्मका चक्कर काटेका छन्। दुई दिदीबहिनी र बुबा रामजीवनको अथक् संघर्षको परिणामस्वरूप घटनाका मुख्य अभियुक्त चुरियामाई बालुवा प्रशोधन उद्योगका सञ्चालक विपीन महतो, हत्याका मुख्य सहयोगी टिपरचालक मुनिन्द महतोलाई २५–२५ र अर्का सहयोगी जितेन्द्र महतोलाई साढे १२ वर्ष जेल सजाय भएको छ।

जिल्ला अदालतको फैसलालाई उच्च अदालतले पनि सदर गरिदियो। मुख्य अभियुक्त विपीन, मुनिन्द्र र जितेन्द्र जेलसजाय भोगिरहेका छन्। अन्य केही छुटेका छन्। दोषीलाई जेल पठाउन सफल भएकोमा परिवारलाई सन्तोष छ। तर, नदी दोहन रोकिएको छैन। जब–जब अवैध उत्खनन शुरु हुन्छ, परिवारको मुटुमा प्रहार भएको महसुस हुन्छ। त्यसलाई रोक्न संगम, लक्ष्मी र बुबा रामजीवन उभिन्थे। 'आज हत्याराहरु जेल पर्नु र अभियान यहाँसम्म आइपुग्नुमा छोरी संगम र लक्ष्मीले गरेको संघर्षको अगुवाइले सम्भव भएको छ। म त उनीहरुसँग उभिन्थें। छोरीहरु त्यसरी सशक्त भएर नउठेको भए म के गर्न सक्थे र ?' बुबा रामजीवन भन्छन्, 'अहिले पनि संघर्ष जारी छ।'

दिलीपलाई 'पर्यावरण शहीद' घोषणा गर्न र औरही नदीमा उत्खनन पूर्ण रूपमा बन्द गराउन उनीहरूले औरहीदेखि काठमाडौंको माइतीघरमण्डला र सिंहदरबारसम्म पटक–पटक आन्दोलन र दबाब सिर्जना गरे। तर, सरकारबाट आश्वासन बाहेक केही नपाउँदा परिवारलाई छोराको अधुरो सपनाले अझै पनि गिज्याइरहेको अनुभूति हुन्छ। यद्यपि लक्ष्मी सहित परिवार संघर्षबाट पछि हटेको छैन। दाइ दिलीपको सपना साकार पार्ने अभियानमा प्रतिष्ठानको अध्यक्षका रूपमा निरन्तर सक्रिय संगम भने अब यो संसारमा छैनन्। छोराको लागि चलिरहेको संघर्ष नसकिंदै छोरी संगमलाई समेत गुमाउनुपर्दा रामजीवनको परिवारमा पीडा झन् थपिएको छ।

संगमको विवाह २०७९ वैशाख १४ गते धनुषाको छिरेश्वरनाथ नगरपालिका–८ दिगम्बरपुर निवासी कमलनारायणसँग भएको थियो। विवाहको एक वर्षपछि उनले पहिलो सन्तानका रूपमा छोरा पाएकी थिइन्। दोस्रो सन्तानको प्रसूतिको क्रममा जनकपुरको मोडल अस्पतालमा गरिएको शल्यक्रियाबाट जटिलता बढेपछि उपचारका लागि काठमाडौंको शिक्षण अस्पताल लगिएको थियो। उपचारकै क्रममा २०८१ मंसिर २ गते २७ वर्षीया संगमले अन्तिम सास फेरिन्। संगमका एक वर्षका छोरा शिवशंकर महतो र तीन वर्षका सुभ्यान्स महतो छन्।

आठ सन्तानका बुबा रामजीवनका अब ६ जना सन्तान छन्। जेठी कविता र माहिली सविताको विवाह भइसकेको छ। अहिले पनि चार छोराछोरीको शिक्षादीक्षा र विवाहको जिम्मेवारी उनकै काँधमा छ। परिवारमा छोरीहरू लक्ष्मी, सृजना, रिंकु र कान्छो छोरा ख्वाइस छन्। साथै, वृद्ध बुबा रामपृत,आमा फुली देवी र श्रीमती चन्द्रकला देवी पनि उनकै जिम्मेवारीमा छन्।

सामान्य किसान परिवारका रामजीवन दम रोगबाट पीडित छन्। दिलीपको हत्यापछि उनी दुईपटक गम्भीर अवस्थामा आईसीयूमा भर्ना हुनुपरेको थियो। संगमको विवाह र असामयिक मृत्युपछि घरको अधिकांश जिम्मेवारी छोरी लक्ष्मीले धानिरहेकी छन्। घरको आयस्रोत न्यून छ, तर खर्चको चाप दिनदिनै बढ्दो छ। विगतमा दाइले नै इन्जिनियरिङ पढ्न र पछि दिदी संगमको बिहेमा लागेको ऋणको भारीले परिवारलाई निरन्तर पछ्याइरहेको लक्ष्मी बताउँछिन्।

'खेतबारीबाट थोरै आम्दानी हुन्छ। तर विगतकै २० लाख रुपैयाँभन्दा बढी ऋण छ। त्यसको ब्याज तिर्नुपर्ने बाध्यता छ' उनी भन्छिन्, 'आज दाइ दिलीप जीवित भएको भए हाम्रो परिवारले यस्तो नियति भोग्नुपर्ने थिएन।' यति पीडाबीच पनि लक्ष्मीले आफूसँग सक्दो जिम्मेवारी सम्हालिरहेकी छन्। लक्ष्मीभन्दा कान्छी बहिनी

**–बाँकी तीन पेजमा**

### पर्यावरण शहीदका...

सृजना डिप्लोमा सकेर लोकसेवाको तयारीमा जुटेकी छन्। रिंकु व्यवस्थापन संकायमा स्नातक तहको तेस्रो वर्षमा अध्ययनरत छिन्। भाइ ख्वाइस् कक्षा ७ मा पढिरहेका छन्।

संगम र लक्ष्मीले मिथिला नगरपालिका–२, नक्टाझिजस्थित जनता माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गरेकी थिइन्। प्लसटु ढल्केवरस्थित विनायक स्कूलबाट सकेका दुवै दिदीबहिनीले स्नातक तहको अध्ययन धनुषाको धारापानीस्थित यज्ञभूमि बहुमुखी क्याम्पसबाट पूरा गरेका हुन्। संगमले बीबीएस पढेकी थिइन्। दिलीपको हत्यारालाई कारबाही गराउन, अवैध उत्खनन बन्द गराउन र शहीद घोषणा गराउन संगम सहित परिवारले गरेको संघर्षको लेखाजोखा छैन। यस क्रममा लक्ष्मी सहित परिवारले अनगिन्ती चुनौतीको सामना गर्नुपरेको छ। पक्राउ परेका दोषी तथा क्रसर माफियाबाट आएको धाकधम्की, जालझेल र षड्यन्त्रका दिनहरू उनी अझै सम्झिन्छिन्।

'दाइ दिलीप न्यायका लागि लडिरहँदा हत्यामा संलग्न पक्षका मानिसहरूले धेरै सताए, धाकधम्की दिए' लक्ष्मी विगत सम्झँदै भन्छिन्, 'क्रसरमा सामान चोरेको, आगो लगाएको भन्दै झुटा मुद्दा हाल्ने प्रयास गरे। इलाकामा पटक–पटक छलफल समेत भयो।'तर परिवार डराएन। दोषीलाई छुटाउन उच्च अदालतमा पुनरावेदन दर्ता गरियो। कतिपय अवस्थामा निःशुल्क वकालत गर्ने वकिल समेत नपाइने स्थिति आयो। दोषी पक्षले मुद्दा सार्न अनेक प्रयास गरे। घरको अवस्था जर्जर भए पनि संगम र लक्ष्मी बुबालाई साथ लिएर अदालतका ढोकामा बारम्बार धाइरहे। संघर्ष रोकिएन।

'पेशी सारिंदा–सारिंदा कति गाह्रो भयो' लक्ष्मी भन्छिन्, 'एकपटक त वकिलले पैसा नदिएसम्म बहस नगर्ने अडान लिनुभयो। पैसा थिएन। तर हारगुहार गरेर जेनतेन व्यवस्था गर्‍यौं र अन्तिम बहसका लागि वकिललाई शुल्क दिनुपर्‍यो।' यति कठिन परिस्थितिमा पनि लक्ष्मीको हिम्मत कमजोर भएको छैन। उनी पढाइसँगै दाइ दिलीपले थालेको अभियानलाई मूर्तरूप दिन निरन्तर लागिरहेकी छन्। अहिले रामजीवनको घरको अवस्था भने दयनीय छ। तर यही कठिन घडीमा छोरी लक्ष्मीको आत्मबल र आशाले घरलाई थामिरहेको छ। उनले परिवारको मनोबल खस्किन दिएकी छैनन्। दिलीपको पर्यावरण संरक्षणको सपना साकार गर्न अन्तिमसम्म संघर्ष गर्ने लक्ष्मीको संकल्प छ।

'दाइले पर्यावरण जगतको संरक्षणको लागि आहुति दिनुभएको छ। सास रहेसम्म दाइको सपना साकार गर्न म संघर्षरत हुन्छु', उनी भन्छिन्।

# चितवनमा १८ जनामा कुष्ठरोगको सङ्क्रमण

चितवन, २३ चैत्र। यहाँ उपचारका लागि आएका बिरामीमध्ये १८ जनामा कुष्ठ रोगको सङ्क्रमण भएको पाइएको छ। साउनयता अस्पतालमा आएका बिरामीमध्ये सबैभन्दा धेरै भरतपुर महानगरपालिकामा यस रोगको सङ्क्रमण देखिएको हो। जनस्वास्थ्य कार्यालयका क्षयकुष्ठ अधिकृत जयराम दुवाडीका अनुसार भरतपुर महानगरपालिकाका १३ जनामा कुष्ठ रोग देखिएको हो। यस्तै कालिका नगरपालिकामा चार र माडी नगरपालिकामा एक जनामा यो रोगको सङ्क्रमण देखिएको हो। यसमध्ये १० जना पुरुष र आठ जना महिला छन्। गत आर्थिक वर्षमा ४३ जनामा यो रोगको सङ्क्रमण देखिएको थियो। यसमध्ये २६ पुरुष, १६ महिला र एक जना १४ वर्षमुनिका थिए।

क्षयकुष्ठ अधिकृत दुवाडीका अनुसार कुष्ठरोग आँखाले देख्न नसकिने माइक्रोब्याक्टेरियम लेप्रे नामक सुक्ष्म किटाणुबाट लाग्ने सरुवा रोग हो। शरीरको कुनै भागमा छुँदा थाहा नहुने फुस्रो वा हल्का रातो दाग देखापर्नु सुरूको चिह्न भएको उहाँले बताउनुभयो। अनुहार र कानका लोतीमा गिर्खाहरू देखिनु, छाला चम्किलो र बाक्लो हुनु तथा आँखीभौँ झरेर जानु कुष्ठरोगका चिह्न हुने र अन्त्यमा अपाङ्गता हुनसक्ने उहाँले बताउनुभयो।

स्नायुमा असर पर्न जाँदा हातखुट्टा लगातार झमझम गर्नु, स्नायु सुन्निनु, दुख्नु, हातखुट्टा छुँदा थाहा नहुनु, मांसपेशी कमजोर हुनु आदि लक्षण भेटिएमा कुष्ठरोग हो कि भनी शङ्का गर्न सकिने उहाँले बताउनुभयो। कुष्ठरोगका चिह्न र लक्षणका आधारमा बढी किटाणु भएको अर्थात् (एमबी) कुष्ठरोग, कम किटाणु भएको अर्थात् (पीबी) कुष्ठरोग हुने गरेको उहाँले जानकारी दिनुभयो। यस रोगको उपचार बढी किटाणु भएका कुष्ठरोग बिरामीले १२ महिना र कम किटाणु भएका कुष्ठरोग बिरामीले छ महिना नियमित औषधि सेवन गर्नुपर्ने उहाँले बताउनुभयो।

# मधेस प्रदेशको आम्दानी न्यून, योजना कार्यान्वयनमा समस्या

जनकपुरधाम, २३ चैत्र। मधेस प्रदेश सरकारको चालु आर्थिक वर्षको हालसम्म अनुमान गरिएको तथा तोकिएको लक्ष्यभन्दा कम आम्दानी भएको छ। त्यसबाट योजना कार्यान्वयनका साथै वित्तीय समस्या उत्पन्न हुने अवस्थामा आएको मधेस प्रदेशको अर्थ मन्त्रालयले जनाएको छ। सो मन्त्रालयद्वारा जनकपुरधाम आयोजित पत्रकार सम्मेलनमा प्रदेशका अर्थमन्त्री महेश यादवले मधेस प्रदेशमा अहिलेसम्म रु १० अर्ब ३८ करोड आम्दानी हुनुपर्नेमा हालसम्म रु चार अर्ब २५ करोड मात्र आम्दानी भएको बताउनुभयो। साथै अन्य शीर्षकमा समेत आम्दानी न्यून भएको उहाँको भनाइ थियो।

चालु आर्थिक वर्षको बजेटको आकार अहिलेसम्म सबैभन्दा ठूलो रहेको तर त्यो बजेटका लागि आम्दानी न्यून रहेको मन्त्री यादवले बताउनुभयो। "चालु आर्थिक वर्षको बजेटको आकार रु ४६ अर्ब ९८ करोड रहेको छ, तर त्यसका लागि रु ३० अर्बभन्दा बढी बजेट प्राप्त हुने अवस्था छैन", विज्ञप्तिमा उल्लेख छ। चालु आर्थिक वर्षको बजेट रु १७ अर्ब घाटामा जाने स्थिति रहेको उल्लेख गर्दै मन्त्री यादवले चालु आवमा स्वीकृत गरिएका सबै क्रियाकलाप तथा विकास निर्माणका कार्ययोजना कार्यान्वयन हुने अवस्थामा नरहेको तथा प्रदेश वित्तीय सङ्कटमा पर्ने अवस्था रहेको बताउनुभयो।

प्रदेश सरकारको आम्दानी न्यून भएकाले प्रशासनिक खर्च कम गर्ने तथा आवश्यक नरहेका विलासिताका सामाग्री खरिद तथा सानाखालका टुक्रे योजना बन्द गरिएको बताइएको छ। साथै विगतमा सम्पन्नभई भुक्तानी बाँकी रहेको आयोजना, अधुरा एवं क्रमागत आयोजना, मर्मतसम्भार सम्बन्धी आयोजना र विपद् व्यवस्थापन सम्बन्धी आयोजनाबाहेक रु दश लाखभन्दा घटीका आयोजना रोक्का राखिएको विज्ञप्तिमा उल्लेख छ।

मधेस प्रदेश सरकारको हालसम्म पूँजीगत खर्च आठ प्रतिशत तथा चालूगत खर्च रु २४ प्रतिशत भएको विज्ञप्तिमा उल्लेख छ। चालु आवको सबै स्वीकृत क्रियाकलाप कार्यान्वयन गर्ने हो भने सिर्जित दायित्व भुक्तानी गर्न नसकी प्रदेश सरकार वित्तीय सङ्कटमा पर्ने अवस्थामा रहेको मन्त्री यादवको भनाइ छ। नेपाल सरकारबाट भएको प्रदेश सरकारको कार्यसम्पादन मूल्याङ्कनमा मधेस प्रदेश अन्य छवटा प्रदेशको तुलनामा पछाडि परेको भनी सार्वजनिक भएको तथा मधेस प्रदेशलाई तुलनात्मक रूपमा अन्य प्रदेशभन्दा न्यून वित्त प्राप्त भइरहेको बताइएको छ।

साथै मधेस प्रदेशलाई अन्याय हुनेगरी वित्तीय समानीकरण अनुदान वितरण सम्बन्धमा भएको विभेदपूर्ण नीतिगत व्यवस्था हटाउनुपर्ने उहाँको माग रहेको छ। पत्रकारको एक प्रश्नको जवाफमा रु २५ लाखभन्दामाथिको विकास योजनाका कार्यहरूलाई टेण्डरमार्फत गराउने मधेस प्रदेश सरकारको प्रावधान रहेको छ। सो अवसरमा अर्थमन्त्रालयका सचिव रामकुमार महतोले अर्थमन्त्रालयबाट कुनै किसिमको बजेटको दुरुपयोग नभएको स्पष्ट गर्नुभयो।

### लहानको सहरी...

छलफल इलाका प्रहरी कार्यालय लहानमा सम्पन्न भई लहानको सहरी क्षेत्रमा फ्लाइओभर निर्माण र दुवैतर्फ कालोपत्र गर्ने सम्झौता भए पनि त्यसअनुसार काम हुन सकेको थिएन। दुई दिनअघि स्थानीयले तीन घण्टा चक्काजाम गरेपछि अन्तिम पटक अप्रिल १५ गतेबाट काम सुरु गर्ने सहमति इलाका प्रहरी कार्यालय लहानमा भएको प्रहरी नायव उपरीक्षक कैलाश राईले बताउनुभयो।

यता कुशहा–कमला पश्चिम खण्डका योजना प्रमुख उज्ज्वल श्रेष्ठले तीन वर्षमा सकिनुपर्ने निर्माण कार्य म्याद थपिँदै छ वर्ष पुग्न लागेको बताउनुभयो। उहाँले भन्नुभयो, "चाइना कम्पनीका प्रमुखहरूसँग अन्तिम पटक भएको सम्झौता अनुसार अप्रिल १५ गतेबाट तीव्र गतिमा निर्माण कार्य अघि बढाइने उच्चस्तरीय सहमति भएको हो।" नयाँ प्रबन्धक आएपछि काम अब नरोकिने योजना प्रमुख श्रेष्ठले बताउनुभयो। उहाँले भन्नुभयो, "अहिलेसम्म ७० प्रतिशत काम सम्पन्न भइसकेको छ। बाँकी काम पूरा गर्न अन्तिम पटक प्रयास गरिएको हो। यस पटक पनि काम सम्पन्न भएन भने ठेक्का नै रद्द गर्नुपर्ने अवस्था आउन सक्छ।"

### नवौं गोलबजार ...

एकता र सद्भाव मजबुत बनाउने उल्लेख गर्दै खेल क्षेत्रको विकासका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको उनले जोड दिए। कार्यक्रमको अध्यक्षता गोलबजार नगरपालिकाका नगर प्रमुख श्याम कुमार श्रेष्ठले गरेका थिए भने सञ्चालन नगर प्रवक्ता तथा वडा नं. ६ का अध्यक्ष संजित लामाले गरेका थिए। कार्यक्रममा नगरका १३ वटै वडाका अध्यक्ष, सिरहा जिल्लाका विभिन्न स्थानीय तहका प्रमुख तथा राजनीतिक दलका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। प्रतियोगिताको भोलिको खेल सिरहाको सलहेश युवा क्लब र गोलबजार स्पोर्ट्स क्लबबीच दिउँसो २ बजे हुने आयोजकले जनाएको छ।

प्रतियोगिताको विजेताले रु. ४ लाख ४४ हजार ४४४ नगदसहित ट्रफी प्राप्त गर्नेछ भने उपविजेताले रु. २ लाख २२ हजार २२२ नगदसहित ट्रफी हात पार्नेछ। साथै 'म्यान अफ द म्याच', 'उत्कृष्ट खेलाडी' लगायत विभिन्न विधामा पुरस्कारको व्यवस्था गरिएको छ। प्रतियोगिता गोलबजार नगरपालिका–२ गुरुधामस्थित खेलग्राममा सञ्चालन भइरहेको छ, जहाँ देशका विभिन्न स्थानबाट ८ टोलीको सहभागिता रहेको आयोजकले जानकारी दिएको छ।

# जनकपुरधामलाई व्यवस्थित बनाउने अभियान जारी

**लक्ष्मी चौधरी**

जनकपुरधाम, २३ चैत्र। मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको अगुवाइमा प्रदेश राजधानी जनकपुरधाममा फुटपाथ तथा ऐतिहासिक स्थलमा भएको अतिक्रमण हटाउने अभियान तीव्र रूपमा अघि बढिरहेको छ। मधेशका गृह, सञ्चार तथा कानुनमन्त्री महतोको नेतृत्वमा दुई साता अघि सुरु भएको प्रदेश राजधानी जनकपुरधाम उपमहानगरपालिकालाई व्यवस्थित बनाउने अभियान निरन्तर जारी रहेका छ। सो अभियान अन्तर्गत मन्त्री महतोको नेतृत्वमा सोमबार कदम चोक क्षेत्रमा अतिक्रमण हटाउने कार्य जारी छ।



राजधानीको अव्यवस्थित सहरी स्वरूप सुधार गर्ने उद्देश्यसहित सुरु गरिएको अभियान अन्तर्गत मुख्य बजार क्षेत्र र व्यस्त चोकहरूमा फुटपाथ अतिक्रमण हटाउने, सडक खाली गराउने तथा सार्वजनिक सवारी साधनलाई व्यवस्थित गर्ने कार्य अन्तर्गत रामानन्द चौक, जानकी मन्दिर, गंगासागर, पेठिया बजार, भानुचौक र रेल्वे स्टेशनलगायतका क्षेत्रमा फुटपाथ खाली गराउनुका साथै सडकमा अतिक्रमण गरेर बनाइएका संरचनाहरू भत्काइएको थियो। यसका साथै सडक सुरक्षालाई ध्यानमा राख्दै डिभाइडर पोल जडान, अनियन्त्रित पार्किङ हटाउने र सार्वजनिक सवारीलाई तोकिएको स्थानमा सञ्चालन गर्ने व्यवस्था लागू गरिएको छ, जसले विशेष गरी ई–रिक्सा, बस र माइक्रोबस सञ्चालनमा सुधार ल्याएको देखिएको छ।

अभियानको प्रभाव सर्वसाधारणदेखि व्यवसायी र सवारी क्षेत्रसम्म देखिएको छ। स्थानीय व्यापारीहरूले सहर सफा र व्यवस्थित बन्दै गएकोमा सन्तुष्टि व्यक्त गरेका छन् भने सवारी सहचालकहरूका अनुसार यात्रु चढाउने–ओराल्ने कार्य अहिले सहज भएको छ। अभियानलाई निरन्तरता दिँदै मन्त्री महतोले राजधानीलाई थप व्यवस्थित बनाउन अभियानलाई अझ प्रभावकारी बनाइने बताउँदै अटेर गर्नेहरूलाई कानुनी कारबाही र जरिवानासम्मको व्यवस्था गरिने स्पष्ट बताउनुभयो। प्रदेश सरकारले थालेको यो पहल निरन्तर र प्रभावकारी रूपमा अघि बढ्न सके जनकपुरधामले निकट भविष्यमा सफा र व्यवस्थित राजधानीको पहिचान स्थापित गर्ने अपेक्षा स्थानीयले समेत गरेका छन्।

**विस्थापन नभएर व्यवस्थापनको माग**

अभियान अन्तर्गत गंगासागर डिल क्षेत्रका फुटपाथ खाली गराइएपछि त्यहाँका साना व्यापारीहरूले आफूहरूलाई सुरक्षित र व्यवस्थित स्थान उपलब्ध गराउन माग गरेका छन्। विगत तीन दशकभन्दा बढी समयदेखि जनकपुरधाम बजार क्षेत्रमा चुराको व्यापार गर्दै आएकी नुतनदेवी कर्णले आफूहरूलाई बारम्बार स्थान परिवर्तन गरिँदा समस्या भएको बताउनुभयो। उहाँले भन्नुभयो, "हामीलाई निश्चित स्थानमा व्यवस्थापन गरियोस्। कहिले कता, कहिले कता सारिँदा धेरै कठिनाइ हुन्छ। गंगासागर आउनुअघि म राजदेवी मन्दिर अगाडि व्यापार गर्थें, त्यहाँबाट हटाएपछि यहाँ आयौं।"

# रौतहटको ग्रामीण भेगमा भकारीको प्रयोग अझै यथावत्



**यादवराज पुरी**

रौतहट, २३ चैत्र। रौतहटको ग्रामीण भेगमा अन्न भण्डारण गर्ने परम्परागत साधन 'भकारी' हालसम्म पनि प्रयोग मै छ। बढ्दो आधुनिकता र बजारमा आयातित प्लास्टिक तथा धातुजन्य भाँडाकुँडाको सहज उपलब्धतासँगै अन्न भण्डारणका परम्परागत साधन भकारी क्रमशः ओझेलमा पर्दै गएको अवस्थामा रौतहटको ग्रामीण भेगमा भने यसको प्रयोग यथावत् छ। भकारी प्रायः बाँस, माटो र परालको प्रयोगगरी बनाइने अन्न भण्डारण गर्ने परम्परागत संरचना हो। यसले अन्नलाई सुरक्षित राख्ने, कीरा फट्याङ्गाबाट जोगाउने तथा लामो समयसम्म गुणस्तर कायम राख्ने विशेषता बोकेको हुन्छ।

गुजरा नगरपालिका–४ का जेष्ठ नागरिक रघुनाथ चौधरी भन्नुहुन्छ, "आधुनिक भाँडाकुँडाले सहजता दिए पनि भकारीले दिने प्राकृतिक संरक्षण र वातावरणमैत्रीपनको विकल्प भेटिन कठिन छ। जसले स्थानीय संस्कृतिको निरन्तरता मात्र होइन, आर्थिक र सिप मूलक पक्षलाई पनि सुदृढ बनाउँछ।" यसैगरी वृन्दावन नगरपालिकाका युवा रुपेन्द्र पटेलले पुर्खादेखि चल्दै आएको भकारीले अन्न सुरक्षित राख्न सहयोग गर्नुको साथै घरको पहिचान समेत गराउने धारणा व्यक्त गर्नुभयो।

उहाँका अनुसार ग्रामीण क्षेत्रमा अझै पनि धान, मकै, गहुँजस्ता अन्न भकारीमै भण्डारण गर्ने चलन हराई सकेको छैन। विशेष गरी चन्द्रपुर, गुजरा, वृन्दावन, कटहरिया, गरुडालगायतका नगरपालिकामा बसोवास गर्ने थारू समुदायका जमिनदारको घरमा अझै पनि भकारी प्रयोगमा रहेको देखिन्छ। पछिल्लो समय युवापुस्तामा परम्परागत सिपप्रति चासो घट्दै जाँदा भकारी बनाउने कारिगर पनि कम हुँदै गएका छन्। बजारमा सजिलै पाइने प्लास्टिकका ड्रम, धातुका भाँडा र अन्य आधुनिक विकल्पले स्थान लिँदै जाँदा यो हाम्रा परम्परा सङ्कटमा भने पर्न थालेको भवानीपुर माध्यमिक विद्यालयका शिक्षक वीरेन्द्र चौधरीले बताउनुभयो।

चन्द्रपुर नगरपालिकाका नगर प्रवक्ता विष्णुप्रसाद उप्रेती भन्नुहुन्छ, "भकारीको संरक्षण केवल सांस्कृतिक पक्षसँग मात्र जोडिएको छैन।यसले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने सम्भावना पनि बोकेको छ। बाँस काट्ने, बुनाइ गर्ने, माटोले लेपन गर्ने जस्ता कामहरूमा आधारित यो सीपले गाउँमै आम्दानीको स्रोत प्रदान गर्न सक्छ।स्थानीय तह र सरोकारवाला निकायले भकारी निर्माणसम्बन्धी तालिम, प्रवर्धन र बजार व्यवस्थापनमा सहयोग पुर्‍याउनसके परम्परागत सिप जोगिन सक्छ। वातावरणमैत्री र दिगो जीवनशैलीतर्फ बढ्दो विश्वव्यापी चासोलाई मध्यनजर गर्दै भकारीलाई "इको–फ्रेन्ड्ली" विकल्पका रूपमा प्रवर्धन गर्न सकिने देखिन्छ। त्यसैले रौतहटका ग्रामीण भेगमा अझै जीवित रहेको भकारीको चलनलाई संरक्षण र प्रवर्धन गर्नु आजको आवश्यकता हो।"

# ओली र लेखकलाई २६ चैतमा हिरासतमुक्त गर्न सर्वोच्चको आदेश

## न्यायाधीशद्धय विनोद शर्मा र सुनिलकुमार पोखरेलको इजलासले यस्तो आदेश गरेको हो।





**दुर्गा दुलाल**

काठमाडौं, २३ चैत्र। सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई जिल्ला अदालत काठमाडौंबाट थपिएको ५ म्याद समाप्त भएपछि हिरासतमुक्त गर्न सर्वोच्चको आदेश गरेको छ। जिल्ला अदालतले २१ चैतदेखि लागु हुने गरी तेस्रोपटक ५ दिनको लागि म्याद थप गरेको थियो। न्यायाधीशद्धय विनोद शर्मा र सुनिलकुमार पोखरेलको इजलासले दिएको यस्तो आदेशले २६ चैतमा ओली र लेखक हिरासतमुक्त हुनेछन्। २३ र २४ भदौमा भएको जेन–जी आन्दोलनका क्रममा प्रधानमन्त्री र गृहमन्त्री रहेका उनीहरूले लापरवाही गरेको भन्दै प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिएको थियो।

पूर्वन्यायाधीश गौरीबहादुर कार्की आयोगको सिफारिसपछि सरकारले ओली र लेखकलाई अनुसन्धान गर्ने भन्दै प्रहरीले १४ चैतमा पक्राउ गरेको थियो। प्रहरीले जरुरी पक्राउ पुर्जी जारी गर्दै उनीहरूलाई पक्राउ गरेको थियो भने १५ चैतमा थुनामा राख्ने अनुमतिका लागि जिल्ला अदालत काठमाडौंमा पेस गरेको थियो। प्रहरीले अदालतबाट पक्राउ अनुमति समेत नलिई पक्राउ गरेको दाबी गर्दै ओली र लेखकका तर्फबाट परिवारले बन्दीप्रत्यक्षीकरणको निवेदन सर्वोच्च अदालतमा दर्ता गराएका थिए। उक्त निवेदनमा दोस्रो सुनुवाई गर्दै सर्वोच्चले यस्तो आदेश गरेको हो। उनीहरूलाई जिल्ला अदालतवाट म्याद थप गर्दै प्रहरीले अनुसन्धान गरिरहेको छ। उनीहरूलाई मुलुकी फौजदारी संहिताको दफा १८१, १८२ र १८३ लाई कोट गर्दै प्रहरीले पक्राउ गरेको थियो। उक्त दफामा 'हेलचेक्र्याइँ गरी ज्यान मार्न नहुने' भन्ने व्यवस्था छ। हेलचेक्र्याइँपूर्वक कसैको ज्यान मार्ने काम गरेमा ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुनसक्ने उल्लेख छ।

प्रधानमन्त्री बालेन शाहले शपथ लिएको केही घण्टाभित्रै बसेको मन्त्रिपरिषद् बैठकले सुरक्षाकर्मीहरूबाहेकका हकमा गौरीबहादुर कार्की नेतृत्वको आयोगले पेस गरेको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको थियो। ओली र लेखकलाई पक्राउ गरेपछि गृहमन्त्री सुदन गुरुङले प्रतिशोध नभई न्यायका लागि भएको प्रतिक्रिया दिएका थिए।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# प्रतिकूल मौसम र किराको प्रकोपले मधेसमा गहुँ उत्पादन घट्यो

धनुषा, २३ चैत्र। मधेस प्रदेशका अधिकांश नागरिकको मुख्य पेसा कृषि हो। यहाँ धानपछिको दोस्रो मुख्य बालीका रूपमा गहुँलाई लिइन्छ। धनुषा जिल्लामा मात्रै ३४ हजार हेक्टर क्षेत्रफलमा गहुँ खेती गरिन्छ। तर, गहुँ पसाउने र पाक्ने बेला (चैतको सुरु) मा आएको हावाहुरी र असिनापानीका कारण यसपालि बालीमा राम्रो दाना लागेको छैन।

चर्को मूल्य तिरेर ट्र्याक्टरले जोतेको खेत, बोरिङबाट गरिएको सिँचाइ, मलखाद र कडा परिश्रम गरे पनि लागतसमेत नउठ्ने अवस्था आएपछि कृषकहरू निराश र चिन्तित छन्। जनकपुर उपमहानगरपालिका–२३ का किसान विला शाह भन्छन्, "समयमै बोरिङबाट पानी लगाउँदा र मलखाद दिँदा पनि गहुँबाली राम्रो भएन। किराको प्रकोप र मौसम अनुकूल नहुँदा गहुँको दाना पुष्ट भएन। यसपालि लगानी सबै डुब्यो।"

मुखियापट्टीका रामजी यादवको पीडा पनि उस्तै छ। "यसपालि हावाहुरीले गर्दा बाली सुक्यो, दाना कालो र अपुष्ट भएको छ," उनले भने। नगराइन नगरपालिका–५ का ज्योति झा प्रमुख आयस्रोत नै गुमेपछि चिन्तामा छन्। उनी भन्छन्, "हामी खेतीमै आश्रित छौं। साहुबाट ऋण लिएर खेती गरे पनि राम्रो उत्पादन नहुँदा वर्षभरि के खाने र साहुको ऋण कसरी तिर्ने भन्ने चिन्ताले सताएको छ।" धनुषामा हरेक वर्ष उत्पादनमा उतारचढाव देखिने गरेको छ। कृषि ज्ञान केन्द्रको तथ्याङ्क अनुसार कुनै वर्ष प्रतिहेक्टर २.९० मेट्रिक टनका दरले ३५ हजार ५०० हेक्टरमा ९७ हजार १५० मेट्रिक टन गहुँ उत्पादन भएको थियो भने, कुनै वर्ष उत्पादकत्व बढेर प्रतिहेक्टर ३.१० मेट्रिक टनका दरले १ लाख ३ हजार ८५० मेट्रिक टनसम्म उत्पादन भएको तथ्याङ्क छ। तर यसपालि प्रतिकूल मौसम, किराको प्रकोप, समयमै गुणस्तरीय बिउ, सिँचाइ र मलखादको अभावले उत्पादन ह्वात्तै घट्ने अनुमान छ। किसानका यस्ता समस्यामा सम्बन्धित निकाय भने मौन देखिन्छ।

कृषि ज्ञान केन्द्र धनुषाका कृषि अधिकृत गणेश क्षेत्री भने क्षतिबारे यकिन तथ्याङ्क आइनसकेको बताउँछन्। "हामी अनुगमनमा जाँदा फाट्टफुट्ट रूपमा गहुँको बोट लडेको देखियो। त्यति धेरै क्षति भएको छैन कि भन्ने हाम्रो पूर्वानुमान छ, तर यथार्थ विवरण स्थानीय तहबाट तथ्याङ्क आएपछि मात्रै भन्न सकिन्छ," उनले भने। गहुँ उत्पादनका लागि मधेस प्रदेश देशभरिमै उर्वर र अग्रणी मानिन्छ तर, सरकारसँग यसको अद्यावधिक र भरपर्दो तथ्याङ्क भने छैन। मधेस प्रदेशको कृषि विकास निर्देशनालयसँग रहेको पछिल्लो तथ्याङ्कअनुसार प्रदेशभरि १ लाख ७८ हजार ४३३ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ३.३७ मेट्रिक टनका दरले ७ लाख ३१ हजार मेट्रिक टन गहुँ उत्पादन भएको थियो।

पोषणका दृष्टिकोणले गहुँ अत्यन्त महत्वपूर्ण मानिन्छ। चिकित्सक डा. जयन्त मिश्रका अनुसार गहुँमा कार्बोहाइड्रेट, फाइबर, प्रोटिन र भिटामिन 'बी' कम्प्लेक्स भरपुर मात्रामा पाइन्छ। साथै, म्याग्नेसियम र पोटासियमसमेत पाइने भएकाले यसलाई सर्वोत्तम भोजनका रूपमा लिइन्छ। यो भोजन पाचन प्रणाली सुधारका लागि अत्यन्त लाभदायक मानिने डा. मिश्र बताउँछन्। गहुँजस्तो महत्वपूर्ण बालीमा सरकारले आवश्यक सेवा सुविधा नदिँदा र आश्वासन भाषणमै सीमित राख्दा किसानहरू निराश छन्। कृषि अनुकूल वातावरण नबन्नु नै किसानहरू यो पेसाबाट विमुख भई वैदेशिक रोजगारीतिर पलायन हुने प्रमुख कारण बन्दै गएको छ।


## मोटर साईकल हराएको सूचना

यही मिति २०८२।०८।२१ गतेका दिन सिरहाको पुरानो चोहर्वाबाट बिहान ०८:०० बजे राखिराखेको अवस्थामा चोरी भएको निम्न विवरणसहितको मोटर साईलक चोरी हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निवदेकलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**कम्पनी नाम : टि.भिएस मोटरसाईकल**
**सवारीको मोडेल :** Appfiche 20/6
**बनेको साल : २०१६**
**हर्ष पावरी/सि.सि.: १८० सीसी**
**च्यासिस नम्बर :** MD634KE65G2NO5050
**इन्जिन नं. :** 0E6NG2170522
**सवारीको रंग : ग्रेय**
**गाडी नं.:** वा ८२ प १८१४
**सम्पर्क नं. :** 9815729928



HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI२१५००००७४ | नितु कुमारी चौधरी कुमर | दुधौली, ०९ सिन्धुली |
| २ | PLI१३३००१२२७६ | शैनी यादव | ल्हान, २४ सिराहा |


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)